स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन

# निजामती सेवा दिवस-२०७७

# प्रतिवेदन

<u>प्रतिवेदक</u>

धर्मराज ओझा

नापी अधिकृत तथा अध्यक्ष कर्मचारी संगम, अछाम

<u>प्रतिवेदन पेश गरिएको निकाय</u>

जिल्ला प्रशासन कार्यालय

अछाम

मितिः २०७७।०५।२२गते

पृष्ठभूमि

नेपालमा पहिलो निजामती सेवा ऐन जारी भएको दिन वि.सं. २०१३ भाद्र २२ गतेलाई स्मरण गर्दै तत्कालीन श्री ५ को सरकारले २०६१ सालदेखि प्रत्येक वर्ष भाद्र २२ गतेलाई निजामती सेवा दिवस रूपमा मनाउने निर्णय गरेको हो । दिवस मनाउनुको उद्देश्य निजामती सेवाबारे जनचासो बढोस्, यसको गतिशीलतामा वृद्धि होस्, सुशासन कायम गर्न यस सेवाको भूमिका उल्लेखनीय होस् भन्ने हो । सोहीअनुरूप वि.सं. २०७७ मा १७औं निजामती सेवा दिवस मनाउने क्रममा अछाम जिल्लामा सामान्य कार्यक्रमहरू आयोजना गरियो । विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)को कारण यस वर्ष औपचारिक कार्यक्रम गरेर भव्यताका साथ मनाउन नसकिएता पनि प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण प्रसाद उपाध्याय, कर्मचारी संगम अछामका अध्यक्ष श्री धर्मराज ओझा तथा संगमका अन्य सदस्यहरू र कार्यालय प्रमुख तथा कर्मचारीलगायत मंगलसेन नगरपालिकाका प्रमुख र केही पत्रकारहरूको उपस्थितिमा १७औं निजामती सेवा दिवसमा १७ वटै क्रियाकलाप गरी निजामती सेवा दिवस-२०७७ मनाइयो ।

## आयोजित कार्यक्रमको रूपरेखा

१. **योगाभ्यासः** बिहान ६ बजे शान्ति स्मारक, मंगलसैनमा प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण प्रसाद उपाध्यायले तीन चोटी ॐ शव्दको उच्चारण गरी योगाभ्यासको शुभारम्भ गर्नुभयो भने जिल्ला आयुर्वेद कार्यालयमा कार्यरत योग गुरु श्री रुपेन्द्र वुढाक्षेत्रीबाट सवै सहभागीलाई योग प्रशिक्षण दिई योगाभ्यासको कार्यक्रम सम्पन्न भयो ।



**सहभागीहरू योगाभ्यास गर्दै**

२. **चियापानः** जिल्ला आयुर्वेद कार्यालयको तर्फबाट नै योग कार्यक्रम सकिएपछि बिहान ६.३० वजे सबै सहभागीहरूलाई ५ ओटा जडिबुटीयुक्त अमृत चियापान गर्ने काम सम्पन्न भयो ।

३. **आसन ग्रहणः** बिहान ६.४५ बजे कार्यक्रममा प्रमुख अतिथिको रुपमा मंगलसैन नगरपालिकाका नगर प्रमुख श्री पदम वहादुर बोहरा तथा प्रमुख जिल्ला अधिकारी, उपस्थित कार्यालय प्रमुख, सहभागी सम्पूर्ण कर्मचारी तथा सञ्चारकर्मीहरूको आसन ग्रहण भयो ।

४. **परिचयात्मक कार्यक्रमः** बिहान ७ वजे कार्यक्रममा उपस्थित सहभागीहरू सबैले आ-आफ्नो परिचय दिई परिचयात्मक कार्यक्रममा सहभागी भए ।

५. **स्वागत मन्तव्यः** बिहान ७.१५ बजे कर्मचारी संगम, अछामका अध्यक्ष तथा नापी अधिकृत श्री धर्मराज ओझाले कार्यक्रममा सहभागी प्रमुख अतिथि लगायतलाई स्वागत मन्तव्य मार्फत स्वागत गर्नुभयो । उहाँले सबै कर्मचारीहरू ऊर्जाशील तथा एकतावद्ध भई कार्य गरेमा निजामती सेवा दिवसको नाराले सार्थकता पाउने विचार व्यक्त गर्नुभयो ।

६. **वृक्षारोपणः** स्वागत मन्तव्य पश्चात बिहान ७.२० बजे प्रमुख अतिथिलगायत सबै वृक्षारोपण कार्यक्रममा सहभागी भई शान्ति स्मारक वरिपरि द्वन्द्वकालमा मृत्यु भएका ५६ जनाको सम्झनामा ५६ वटा धुपी सल्ला रोप्ने काम गरियो ।



७. **राष्ट्रिय गानः** वृक्षारोपणपछि बिहान ७.३५ मा सबै सहभागीहरू नेपालको राष्ट्रिय गानमा सहभागी भए ।

८. **नारा वाचन गरी कार्यक्रम उद्घाटनः** १७औं निजामती सेवा दिवसको उपलक्ष्यमा २०६१ सालदेखि २०७७ साल सम्मका निजामती सेवा दिवसका निम्न नाराहरूलाई प्रमुख अतिथि श्री पदम बहादुर बोहराले ७.४० बजे वाचन गरी कार्यक्रमको उद्घाटन गर्नुभयो ।

नाराहरूः

| | |
|---|---|
| वि.सं. २०६१. | सुशासन र प्रदान गरिने सेवाको प्रभावकारिता |
| वि.सं. २०६२. | सबल प्रशासन, स्वच्छ प्रशासन |
| वि.सं. २०६३. | लोकतन्त्रको लागि जनमुखी नागरिक प्रशासन |
| वि.सं. २०६४. | पारदर्शी प्रशासनः लोकतान्त्रिक प्रशासन |
| वि.सं. २०६५. | जनसेवाः हाम्रो प्रतिबद्धता |
| वि.सं. २०६६. | जनताका लागि प्रशासन |
| वि.सं. २०६७. | शिष्ट र नम्र व्यवहारः सेवाग्राहीको अधिकार |
| वि.सं. २०६८. | जनतालाई सम्मान र सेवाः सुशासनलाई टेवा |
| वि.सं. २०६९. | जनमुखी प्रशासनः अनुशासन र सुशासन |
| वि.सं. २०७०. | सुशासन र सदाचारः निजामती सेवाको आधार |
| वि.सं. २०७१. | निजामती सेवाको मान्यताः अनुशासन, इमानदारी र नैतिकता |
| वि.सं. २०७२. | निजामती सेवाको सपनाः समृद्ध नेपालको रचना |
| वि.सं. २०७३. | सेवामैत्री प्रशासनः संघीयतामा सुशासन |
| वि.सं. २०७४. | निजामती कर्मचारीको प्रतिबद्धताः पारदर्शिता र चुस्तता |
| वि.सं. २०७५. | नतिजामुखी प्रशासनः समृद्धि र सुशासन |
| वि.सं. २०७६. | सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन |
| वि.सं. २०७७. | स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मंगलसेन, अछाम

निजामती सेवा दिवस २०७७ को नारा सम्बन्धी

सूचना

नेपाल सरकारले हरेक वर्ष भाद्र २२ गतेको दिन निजामती सेवा दिवस मनाउँदै आएको छ । यस वर्ष निजामती सेवा दिवस, २०७७ मूल समारोह समितिको मिति २०७७/०५/०१ को निर्णयानुसार यस वर्षको नारा "स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन" रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

९. **शहिदहरूप्रति श्रद्धाञ्जली:** उद्घाटन पश्चात ७.४५ वजे कार्यक्रमका सबै सहभागीहरूले १ मिनेट मौन धारण गरेर ज्ञात अज्ञात शहिदहरू प्रति श्रद्धाञ्जली प्रकट गर्नुभयो ।

१०. **विपद्का मृतकहरूप्रति श्रद्धाञ्जली:** अछाम जिल्लामा २०७७ भाद्र २ गते कैलाशखोलामा आएको वाढीवाट मृत्यु भएका तथा अन्य विभिन्न मितिमा विभिन्न ठाउँमा विपदबाट मृत्यु हुनु हुने सम्पूर्ण मृतकप्रति कार्यक्रममा उपस्थित सम्पूर्ण सहभागीहरूले १ मिनेट मौन धारण गर्नुभयो ।

११. **कर्मचारीलाई कदर:** बिहान ७.५५ वजे यस जिल्लामा विगत लामो समयदेखि सेवा गरिरहेका अन्य जिल्लामा स्थायी बसोबास भएका निम्न ५ जना कर्मचारीहरूलाई उत्प्रेरणा जगाउने अभिप्रायले कर्मचारी संगमको तर्फबाट प्रमुख अतिथि, प्रमुख जिल्ला अधिकारी तथा कर्मचारी संगमका अध्यक्ष लगायतका कार्यालय प्रमुखहरूले टीका, दोसल्ला तथा कदर पत्रवाट सम्मान गर्नुभयो ।

१. ना.सु. श्री कृष्ण प्रसाद सापकोटा
२. लेखापाल श्री देवसिंह बडाल
३. लेखापाल श्री टंक प्रसाद भट्ट
४. सर्भेक्षक श्री गोपाल सिंह कुँवर
५. खरिदार श्री इन्द्र वहादुर चौधरी



सम्मानित हुने पाँचजना कर्मचारी प्रमाणपत्र र दोसल्लाका साथ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मंगलसेन, अछाम

१२. **कर्मचारीको अनुभवः** सम्मानित हुनु हुने कर्मचारी मध्येबाट विगत ९ वर्षदेखि यस जिल्लामा सेवा गरिरहेका हाल कृषि ज्ञान केन्द्रमा कार्यरत लेखापाल श्री देव सिंह बडालले बिहान ८.०५ वजे यस जिल्लामा सेवा प्रवाह गर्दाका आफ्ना अनुभव प्रस्तुत गर्दै यस जिल्लामा सेवा प्रवाह गर्दा कुनै किसिमको अफठ्यारो महशुस नगरेको, नागरिकहरू एकदमै मिलनसार, सेवाग्राहीहरू भद्र रहेको तथा सबै सरोकारवालाको सहयोग रहेको अनुभव सुनाउनु भयो । अछाम भौगोलिक रुपमा विकट एवम् दूर्गम भएर पनि पूर्वाधार निर्माणको क्षेत्रमा अगाडि भएको यस जिल्लाका युवाहरू रोजगारको सिलसिलामा भारत लगायत बाह्य मुलुकमा पलायन हुने प्रवृत्ति रहेकोले यहाँको उर्वर भूमि बाँझो रहेको, कृषि उत्पादनमा कमि आई बाहिरबाट खाद्यान्न आयात गर्नु पर्ने बाध्यात्मक अवस्था रहेको वहाँले अनुभव सुनाउनु भयो । सार्वजनिक सेवा प्रवाह कार्यमा प्रभावकारिता ल्याउन राजनीतिक नेतृत्व र कर्मचारी बीच तालमेल आवश्यक देखिएको कुरा राख्दै यस जिल्लाको बसाई सरल, सुखद तथा सहज रहेको महसुस गरेको कुरा उल्लेख गर्नुभयो ।

१३. **प्रतिवद्धता वाचनः** बिहान ८.१५ वजे कार्यक्रममा प्रमुख जिल्ला अधिकारी लगायत सबै कर्मचारीहरूले १७औं निजामती सेवा दिवस-२०७७ को अवसरमा निम्नलिखित् १७ वटा प्रतिवद्धता वाचन गरी सोहीअनुसार कर्तव्यनिष्ठ भई सेवा प्रवाह गर्ने प्रण गर्नुभयो ।

१. म मा कुनै स्वार्थ छैन, भएको स्वार्थ पनि तत्काल त्याग्नेछु।
२. ठूलाठूला कुरा गर्ने भन्दा पनि सानो सानो काम गर्नेछु।
३. १०-५ को जागिरे मानसिकता हटाई अहोरात्र खटिएर काम गर्नेछु।
४. हरेक दिन कार्यालयमा नवप्रवर्तनको खोजी गर्नेछु।
५. जागिरसँगै सामाजिक दायित्व पनि पुरा गर्नेछु।
६. अधिकारमुखी भन्दा कर्तव्यमुखी हुनेछु।
७. सेवाग्राहीको गुनासो सम्बोधनमा कुनै कसर बाँकी राख्ने छैन।
८. परिवर्तनलाई चुनौती भन्दा अवसरको रुपमा लिनेछु।
९. कोरोना जोखिम न्यूनीकरण गर्न पुरापुर लाग्नेछु ।
१०. स्वच्छ विचारका साथ उच्च नैतिकवान भई काम गर्नेछु।
११. संगठनमा विविधताको सम्मान गर्नेछु।
१२. कार्यालयमा आन्तरिक र बाह्य समन्वयमा जोड दिनेछु।
१३. नियमित स्व-मूल्याङ्कन गरी सच्चिनेछु।
१४. मेरो ध्यान सधै नागरिकको विश्वास जित्नमा केन्द्रित हुनेछ।
१५. नीति, नियम र कानुनको पालनामा कदापि चुक्ने छैन।
१६. शिष्ट र नम्र व्यवहार सेवाग्राहीको अधिकार भन्ने ठान्नेछु।
१७. पारदर्शी कार्यशैली मेरो पहिचान हुनेछ र सुशासन मेरो लक्ष्य हुनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मंगलसेन, अछाम



सामूहिक प्रतिवद्धताको लागि हात उठाउँदै सहभागी कर्मचारी

१४. **नामाङ्कन सहित मन्तव्य:** बिहान ८.२० बजे नगर प्रमुख तथा प्रमुख अतिथि श्री पदम बहादुर बोहराले *शान्ति स्मारक*को नाम उच्चारण गरी वर्षौं अघि निर्माण भएको स्मारकको नामाङ्कन सहित आफ्नो सारगर्भित मन्तव्य राख्नुभयो। वहाँले निजामती कर्मचारी र जनप्रतिनिधिवीच सुमधुर सम्वन्ध कायम राख्दै समन्वय, सहकार्य तथा सहअस्तित्वको भावनाअनुरुप जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताउनु भयो । वि.सं. २०१८ भन्दा पहिला यो जिल्लाको कैलाश खोला पारीको भूभाग डोटी र कैलाश खोला वारीको भूभाग दैलेख रहेको स्मरण गर्दै वि.सं. २०१४ सालमा तत्कालिन श्री ५ को डोटीमा सवारी हुँदा यहाँका केही युवाहरूले राजा सवार बग्गीलाई रोकी यहाँको जनताको गुनासो राखेका थिए । पछी श्री ५ बाट तत्कालै कर्मचारी खटाई यहाँको समस्याहरूको बारेमा जानकारी लिन पठाएको कुरा स्मरण गर्नुभयो र २०१८ सालदेखि यो जिल्लाको छुट्टै अस्तित्व भएको कुरा राख्नुभयो ।

१५. **अन्तरक्रिया:** बिहान ८.३० बजे वदलिँदो परिवेशमा कर्मचारीको भूमिका विषयक अन्तरक्रियामा मिडियाकर्मीमध्ये कान्तिपुरकर्मी श्री मेनुका ढुङ्गाना, गोरखापत्र राष्ट्रिय दैनिकका जिल्ला सम्वाददाता श्री शिवराज ढुङ्गाना तथा सडक मिडियाका सञ्चारकर्मी श्री शुशील भण्डारीले सहभागिता जनाएका थिए । कान्तिपुरकर्मी श्री मेनुका ढुङ्गानाले भौगोलिक विकटताले नागरिकहरूलाई सेवा लिन असजिलो भएको, सिफारिसमा भएका सामान्य त्रुटिहरूलाई कार्यालयहरूले सिफारिस कर्तासँग बुझी विचार गरि दिनुपर्ने तथा सवै वडाका कर्मचारी तथा जनप्रतिनिधिलाई सिफारिसका विषयमा प्रशिक्षित गर्नुपर्ने, कर्मचारीहरू राजनीतिक रुपले तटस्थ हुनुपर्ने, कार्यालय समयमा गरेको जागिर हो र उक्त समयभन्दा अघिपछि गरेको कार्यमात्र सेवाको रुपमा लिनुपर्ने र अछाम जिल्लाको मानवीय विकासमा सबै सरोकारवाला लाग्नुपर्ने सुझाव दिनुभयो । त्यस्तै पत्रकार शिवराज ढुङ्गानाले कर्मचारीहरूले जागिर मात्र खाने मानसिकता त्याग्नुपर्ने, कानून कार्यान्वयन सही ढङ्गले गर्नुपर्ने, कानून कार्यान्वयन गर्दा सर्वसाधारण नागरिकहरूलाई भयभित नहुने किसिमले गर्नुपर्नेजस्ता सुझाव दिनुभयो । यस जिल्लामा पहिला पहिला कर्मचारीहरू आउँदा अन्य जिल्लाका मानिसहरूले विभिन्न किसिमका अफवाह फैलाई डराउने गरेको तर यहाँ आईसके पछि कर्मचारीहरू रमाएर काम गर्ने गरेको कुरा बताउनु भयो । सडक मिडियाका पत्रकार श्री शुशिल भण्डारीले सामाजिक सञ्जाल मार्फत कार्यालयहरूले सूचनाको पहुँच सहज बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

१६. **धन्यवाद मन्तव्य:** बिहान ८.५० बजे प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण प्रसाद उपाध्यायले पत्रकारले व्यक्त गरेका सुझाव तथा प्रश्नहरूको जवाफ दिएपश्चात प्रमुख अतिथि श्री पदम बहादुर बोहरा लगायतका सबै सहभागीहरूलाई कार्यक्रममा सहभागिताका लागि धन्यवाद दिनुभयो र आजको विशेष अवसरमा सामुहिक रुपमा गरेका प्रतिवद्धताहरूको अक्षरश: पालना गर्दै निजामती सेवाको साख बढाउन आ-आफ्नो ठाउँबाट योगदान गर्न सुझाव समेत दिनुभयो ।

१७. ताली, फोटो सेसन र समापनः सबै सहभागीहरूले निजामती सेवा दिवसको अवसरमा ऊर्जा प्रवाहका लागिविहान ९ वजे सबैजना आ-आफ्नो ठाउँबाट उभिएर १ मिनेट पञ्च ताली वजाएर तथा सामाजिक दूरी कायम गर्दै सामुहिक फोटो सेसन गरी निजामती सेवा दिवस-२०७७ का सम्पूर्ण क्रियाकलापहरू सम्पन्न भई कार्यक्रम समापन गरियो ।

निष्कर्ष

निजामती सेवा दिवस मनाइरहँदा दिवसले निजामती सेवाको श्रीवृद्धिमा योगदान गरेको छ, यसले पहिचान दिएको छ, हरेक वर्ष एउटा नारा दिएर समग्र सेवालाई मार्गदर्शन गरेको छ । प्रत्येक वर्ष निश्चित कर्मचारीहरू पुरस्कृत हुँदा समग्र कर्मचारीको मनोबल वृद्धि हुने गरेको छ । यसले सर्वसाधारणको ध्यानाकर्षण गर्छ र जनतामा निजामती सेवाको उपस्थितिलाई बाक्लो बनाउने गरेको छ ।

कोरोना भाइरस (कोभिड-१९) को कारण भीडभाड नगरीकन सामान्य रूपमा निजामती सेवा दिवस मनाउने क्रममा यस वर्ष सीमित कार्यालयका प्रमुख, इच्छुक कर्मचारी, नेपाल प्रहरी र केही पत्रकारहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न गरियो । आजको बदलिँदो परिवेशमा निजामती सेवाको भूमिका झन् महत्वपूर्ण भएर गएको महसुस पनि गरियो । खासगरी अछाम जिल्लामा कोरोना भाइरसको जोखिम न्यूनीकरणमा त भूमिका निर्वाह गर्नुपरेको छ नै साथसाथै विभिन्न विपद्को व्यवस्थापन, राहत वितरणमा समेत उत्तिकै जिम्मेवार भई काम गर्नुपरेको छ । अर्कोतर्फ दिनानुदिन बढ्दै गएका हत्या, आत्महत्या, सामाजिक एवम् घरेलु हिंसा तथा विविध खालका सामाजिक विकृतिहरूको न्यूनीकरणमा समेत भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । र, त्यो भूमिका सहजै पुरा गर्न सकियोस् भन्ने कामनाका साथ जय निजामती सेवा ।